जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक २३ २०७९ साल साउन २७ गते शुक्रबार (12 Aug 2022 Friday) मूल्य रु. ५/-




**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : सर्पदंशबारे जनचेतना जगाउन. ३ पृष्ठमा : केरुङ-काठमाडौं रेलमार्गको ... ३ पृष्ठमा : अलिबाबाले बर्खास्त गऱ्यो दश...

# सप्तरीका ११ मतदान केन्द्रलाई टुक्राएर अर्को मतदान केन्द्र थप्ने सिफारिस

## थप नौं हजार १ सय १४ जनाको नाम दर्ता




**दैनिक समाचारदाता**
**राजविराज, २६ साउन ।**

सप्तरीका ११ वटा मतदान केन्द्रलाई टुक्राएर अर्को मतदान केन्द्र थप्ने सिफारिस गरिएको छ ।

जिल्ला निर्वाचन कार्यालय सप्तरीका निर्वाचन अधिकारी रमेश कुमार जोशीका अनुसार जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिले उक्त सिफारिस गरेको हो । उनले टुक्रयाउने सिफारिस गरिएका केन्द्रहरुमा मतदाताको संख्या बढी, मतदातालाई पायक नभएको, सानो ठाउँ भएको लगायतका कारणले सिफारिसले गरिएको बताए ।

निर्वाचन अधिकारी जोशीले समितिको बसेको बैठकले जिल्लाका ३ वटा मतदान स्थललाई गाभ्ने र ६ वटालाई नयाँ स्थानमा सार्ने सिफारिस समेत गरिएको जानकारी दिए ।

समितिका संयोजक समेत रहेका प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमको अध्यक्षतामा बसेको बैठकले विभिन्न राजनीतिक दल, स्थलगत अवलोकन, निरिक्षण तथा स्थानियहरुको सुझावको आधारमा निर्वाचन आयोगलाई उक्त सिफारिस गरिएको समितिका सदस्य सचिव रहेका निर्वाचन अधिकारी जोशीले बताए ।

गत बैशाख ३० गते सम्पन्न स्थानिय तह निर्वाचनमा जिल्लामा ५ सय ३६ मतदान केन्द्र र २ सय ९७ मतदान स्थल तोकिएको थियो ।

यस्तै असार १ गतेदेखी साउन १९ गतेसम्म सप्तरीमा थप ९ हजार १ सय १४ जनाले फोटोसहितको मतदाता नामावलीमा नाम दर्ता गराएका छन् ।

जिल्ला निर्वाचन अधिकारी जोशीका अनुसार सरकारले आउँदो मंसिर ४ गते प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन एकै चरणमा हुने घोषणा गरेपछि साउन १९ गते साँझ ५ बजेसम्म उक्त संख्यामा मतदाता नामावली दर्ता भएको हो ।

दर्ता गराएका मध्येबाट ४ हजार ८ सय ३९ जना पुरुष र ४ हजार २ सय ७५ जना महिला छन् । दर्ता गरिएका सबै नामावलीहरु हाल रुजु गर्ने कार्य भइरहेको उनले बताए । निर्वाचन आयोगबाट रुजु भएर अन्तिम मतदाता नामावली आएपछि मात्र जिल्लामा कति मतदाता पुगेको भन्न सकिने जोशीको भनाइ छ ।

त्यस्तै निर्वाचन अयोगले अद्यावधीक गर्न दिएको समयभित्र जिल्लामा ३ सय १६ जनाको निवदेन परेको छ । मतदाता नामावलीमा भएको त्रुटि सच्याउन, झुठा विवरणको विरोधमा उजुरी दिन, दोहोरो नामावली हटाउन, मृत्यु भएकाको नाम हटाउन, एकै वडाका दुई वा दुईभन्दा बढी मतदानस्थल भए पायक पर्ने मतदानस्थलमा नाम सार्न निवेदन दिएको हो ।

सप्तरीमा गत बैशाख ३० गते सम्पन्न स्थानिय निर्वाचनमा २ लाख १३ हजार ८ सय ९२ पुरुष, १ लाख ९८ हजार ५ सय ३२ महिला र २१ जना अन्य गरि ४ लाख १२ हजार ४ सय ४५ मतदाता रहेका थिए ।

# पोखरीमा डुबेर एक बालिकाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २६ साउन ।**

सप्तरीको बोदेबर्साईन नगरपालिकामा बिहीबार पोखरीमा नुहाउने क्रममा एक बालिकाको डुबेर ज्यान गएको छ ।

सो नगरपालिका ८ काचनस्थित लक्ष्मी साहको पोखरीमा स्थानिय मिताराम दासकी ६ वर्षिया छोरी नन्दनी कुमारी दासको नुहाउने क्रममा पोखरीमा डुबेर ज्यान गएको प्रहरीले जनाएको छ ।

पोखरीमा डुबेर गम्भिर घाईते भएकी उनको उपचारका क्रममा शत्रुधन अस्पताल बोदेबर्साईनमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यसैबीच जिल्ला प्रहरी कार्यालय सप्तरीले जनहितका लागि एक सूचना जारि गर्दै स-साना नाबालक तथा नाबालिकाहरु नजिकमा रहेको पोखरी, नाला, नदीहरु नुहाउन नदिन, अभिभावकहरुले स-साना केटाकेटीहरुलाई एक्लै नछोड्ने भन्दै सर्वसाधारणलाई सचेत रहन अनुरोध गरेको छ ।


## सूचना । सूचना ॥ सूचना ॥।

### कानको शल्यक्रिया हुने सम्बन्धी सूचना

२०७९ भदौं १९ गतेदेखी २२ गतेसम्म इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र राजविराजको आयोजनामा टिचिङ हस्पिटल काठमाडौंका नाक, कान, घाँटी रोग विभागका विशेषज्ञ डाक्टरहरुद्वारा कानको शल्यक्रिया शिविर हुन गइरहेको व्यहोरा सेवाग्रहीहरुमा जानकारी गराइन्छ । तसर्थ कानका रोगीहरु समयमा आफ्नो कानको जाँच गराई मौकाको फाइदा उठाउनुहुन अनुरोध छ ।

**शल्यक्रिया हुने स्थान :** प्राथमिक कान उपचार केन्द्र
राजविराज ९, मलेठ, सप्तरी
(सगरमाथा चौधरी आँखा उपचार केन्द्रको प्राङ्गनमा)
**सम्पर्क नं. ०३१-५९०००५**
**नरेश कुमार यादव : ९८०४७४२२८०, ९७४२२७०७८४**

**आयोजक**
IMPACT Nepal
इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र
राजविराज ९, मलेठ, सप्तरी


# आगलागिमा झण्डै १४ लाख बराबरको धनमाल क्षति

**दैनिक समाचारदाता**
**राजविराज, २६ साउन ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नं. ३ तरहीस्थित दलित बस्तीमा मंगलबार री आगलागी भएको छ ।

स्थानीय कुलदेव रायको गोठबाट राति ११:३० बजे सुरु भएको आगलागीमा परी त्यहाँका ८ परिवारका घरगोठ जलेर नष्ट भएको प्रहरीले जनाएको छ ।

आगलागीले झण्डै १४ लाख मूल्य बराबरको क्षति भएको प्रारम्भिक अनुमान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

आगलागीमा बौसदेव सदा, सुन्दर सदा, राम सुन्दर सदा, बिहारी सदा, कैलु सदा, गौतम सदा र भिखारी सदाको घर जलेर नष्ट भएको इलाका प्रहरी कार्यालय पातोले जनाएको छ ।

प्रहरीका अनुसार स्थानीय कुलदेव रायको गोठमा आगलागी हुँदा उनको १ गोरु र ५ बटा

*बाँकी अन्तिम पृष्ठमा*


## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, **www.janajyoticoop.com.np**

## सम्पादकीय ....

# सकारात्मक भूमिका आवश्यक

बहुचर्चित एवं प्रतिक्षित रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको निर्माण कार्य शूरु भएपछि सप्तरीवासीको वर्षौंदेखीको सपना साकार हुने संकेत देखापरेको छ। डीपीआरका लागी सम्झौता भएपछि अब कार्यले गति लिने आशा पलाएको छ। राजविराज नगरपालिका वडा नं. १० स्थित हुलाकी राजर्मागको छेउमा नरपालिकाले उपलब्ध गराएको ६२ विघा जग्गामा निर्माण कार्य सुरु भएको हो। जग्गाको घेरवार, वातावरणीय प्रभाव मुल्याँकन, भुमिको अवस्था, माटोको परिक्षण लगायतको काम यस अघि नै सकाएको सम्पन्न भएपछि डीपीआरको काम समेत अघि बढेको सकारात्मक पक्ष हो।

प्रतिष्ठानको सम्पूर्ण निर्माण कार्य सम्पन्न गर्न करिब १२ अर्ब रुपैया खर्च हुने अनुमान गरिएको छ। निर्माण कार्य सम्पन्नपछि जिल्लाको विकासले गति लिने छ। वर्षौंदेखी विकासको पर्खाईमा रहेको यस जिल्लामा प्रतिष्ठान स्थापना पछि विकासले फड्को मार्ने निश्चित छ। यद्दपी प्रतिष्ठानको ऐन निर्माणमा ढिलाई हुँदा निर्माण कार्य केही सुस्त देखिए पनि सम्झौता सम्पन्न भएपछि अब निर्माण कार्यले गती लिनेमा दुईमत नहोला।

यसबाहेक यस्ता कार्यप्रति जिल्लावासीले सकारात्मक पहल गर्न आवश्यक छ। तसर्थ यस्ता विकासीय कार्यप्रति स्थानियका साथै सम्पूर्ण राजनीतिक दल, बुद्धिजिवि, संचारकर्मी, सरोकारवाला निकाय लगायतको सकारात्मक भूमिका निर्वाह गर्नुपर्छ। अनिमात्र विकासीय कार्यले गति लिनेछ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह

Dr. Saroj Kumar Sah

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# सर्पदंशबारे जनचेतना जगाउन चारवर्षे अभियान सुरु

काठमाडौँ, २६ साउन (रासस)।

नेपालमा सर्पदंश रोकथामबारेमा जनचेतना जगाउन चारवर्षे अभियान सुरु गरिएको छ। पूर्वराष्ट्रपति डा रामवरण यादवले बिहीबार यहाँ आयोजित कार्यक्रममा अभियानको सुरुआत गर्नुभएको हो। उहाँले अभियानले मानिसलाई सर्पदंशबाट बचाउन जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने बताउनुभयो। जीव-जनावरका बासस्थान मासिँदै जाँदा मानिसको संसर्गमा आउने गरेको उहाँको भनाइ छ।

उहाँले नेपालमा वनजङ्गल मासिँदै गएको र यसले जीव-जनवारको बासस्थान पनि खोसिँदै गएकोप्रति चिन्ता व्यक्त गर्दै जीव-जनावारलाई बचाउन सके जैविक विविधताको संरक्षण हुने बताउनुभयो। "चारकोशे झाडी र चुरे पनि नासिँदै गइरहेको छ", उहाँले भन्नुभयो, "त्यहाँ रहेका जीव-जनावरको बासस्थान पनि नासिँदै गएको छ। अनि ती जीव-जनावर मानिसको संसर्गमा आइरहेका छन्।"

विश्व स्वास्थ्य सङ्गठन नेपालका प्रमुख डा. राजीव पाण्डवले नेपालको तराईमा सर्पदंशका बिरामी देखिने गरेको उल्लेख गर्दै अभियानले विशाक्त सर्पको टोकाइमा बच्न सहयोग मिल्ने बताउनुभयो।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा चुमनलाल दासले नेपालमा सरकारी, समुदायिक अस्पताल र नेपाल आर्मी गरी ९० वटा सर्पदंशका उपचार केन्द्र रहेको भन्दै अझै अपुग रहेको बताउनुभयो। उहाँले जनशक्ति, तालिम र उपकरण बढाएर उपचार केन्द्र थप्नुपर्ने बताउनुभयो। उहाँले सर्पदंश उन्मूलन गर्न नसकिने र अभियानमार्फत रोकथाम गर्न सकिने बताउनुभयो।

उहाँका अनुसार गत वर्ष करिब १० हजार मानिसलाई सर्पले डसेको थियो। तीमध्ये नौ सय २१ जनालाई विशालु सर्प र आठ हजार नौ सय ५२ जनालाई विशालु नभएका सर्पले डस्ने गरेका छन्। नेपालमा करेत र गोमन विशालु जातका सर्प हुन्।

बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति डा ज्ञानेन्द्र गिरीले सन् २०३० सम्ममा सर्पदंशको रोकथाम र नियन्त्रण गरिने बताउनुभयो। उहाँले सर्पदंशबाट तराईका मानिस बढी पीडित रहेको भन्दै जनचेतनामार्फत रोकथाम गर्नुपर्ने धारणा राख्नुभयो।

प्रतिष्ठानका डा सञ्जीवकुमार शर्माले सर्पदंशबाट किसान, गाउँघरका गोठ, गाईवस्तु हेर्ने र स्कुल जाने उमेरका बालबालिका बढी पीडित रहेको बताउनुभयो। उहाँका अनुसार सर्पदंशबाट ८० प्रतिशत मानिस अस्पताल नपुगी घर वा बाटोमा नै मृत्यु हुने गरेका छन्। तीमध्ये तीन चौथाइ महिला र बालबालिका मृत्यु हुने गरेका छन्। कुल सर्पदंशमध्ये नेपालमा ७.६ प्रतिशत मानिसको मृत्यु हुने गरेको उहाँको भनाइ छ। उहाँले गाउँघरमा सर्पदंशबाट शिक्षा र जनचेतना जगाउन सके रोकथाम गर्न सकिने बताउनुभयो।

रोटरी क्लब काठमाडौँ मिड-टाउनका अध्यक्ष डा निर्मल रिजालले तराईको विभिन्न स्थानमा सर्पडसाइले हरेक वर्ष अकालमा ज्यान जाने गरेको र त्यसबाट बचाउनका लागि अभियान सञ्चालन गरिएको बताउनुभयो। उहाँका अनुसार अभियानका क्रममा थारू, अवधि, भोजपुरी र मैथली भाषामा सर्पदंशबाट जानकारी गराइने छ।

उहाँले सर्पदंशबाट बच्नका लागि ग्रामीण भेगका मानिसले जुत्ता लगाएर तथा टर्च बालेर नहिँड्ने तथा राति सुत्दा झुलको प्रयोग नगर्ने गरेकाले यिनै विषयहरूलाई अभियानका क्रममा सिकाइने बताउनुभयो। रोटरी क्लबका पूर्वअध्यक्ष सरोज श्रेष्ठले सर्पले टोकेपछि सर्पको पहिचान कसरी गर्ने भन्ने बारेमा पनि मानिसहरू अनभिज्ञ रहेकाले धेरैको अकालमा ज्यान जाने गरेको भन्दै सर्प कसरी चिन्ने भन्ने बारेमा पनि अभियानमा सिकाइने बताउनुभयो।

"सर्पले टोक्यो कि अरु केहीले टोकेको हो तथा सर्पको डसाइ कस्तो हुन्छ भनेर ग्रामीण भेगमा सर्पले टोकेपछि धामी-झाँक्रीजस्ता माध्यमबाट विष निकाल्न सकिन्छ भन्ने प्रचलन रहेको छ", उहाँले भन्नुभयो, "त्यसले गर्दा मानिसको मृत्यु हुने गरेको पाइन्छ। यस्ता व्यक्तिलाई चाँडोभन्दा चाँडो 'एन्टिस्नेकभेनम' औषधि प्रयोग गरेर ज्यान बचाउन सकिन्छ।"

उहाँले धेरै पनि व्यक्तिलाई धामी-झाँक्रीमा नगई अस्पतालमा जानु पर्दछ र एन्टिस्नेकभेनम औषधि प्रयोग गर्नुपर्दछ भन्ने जानकारी नभएको समेत बताउनुभयो। उहाँले भन्नुभयो, "मानिसलाई जनचेतना जगाइ सर्पदंशबाट बचाउन आवश्यक रहेको छ। त्यसैले अभियानमार्फत सचेतना कार्यक्रम सञ्चालन गर्दछौँ।"

ग्रामीण भेगमा स्थानीय पाँच भाषामा के कारणले सर्पको डसाइ हुन्छ र सर्पको डसाइबाट बच्नका लागि के गर्नुपर्दछ, सर्पले डसेपछि उपचारका लागि कहाँ-कहाँ जानुपर्दछ र क-कसलाई सम्पर्क गर्नुपर्दछ भनेर अभियानका बेला रेडियो, टेलिभिजन र सामाजिक सञ्जालबाट जनचेतना जगाइने छ। विश्व स्वास्थ्य सङ्गठन, स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र र रोटरी क्लबको आयोजनामा चार वर्ष २५ जिल्लामा सर्पदंशबाट बच्नका लागि अभियान सञ्चालन गरिने छ।

# जनलोकपाल आयोगमा १८ उजुरी दर्ता, कर्मचारी आभावले अनुसन्धानमा असर

जनकपुरधाम, २६ साउन (रासस)।

मधेस प्रदेश सरकारद्वारा गठित जनलोकपाल आयोगमा आर्थिक वर्ष २०७८/७९ मा अनियमिततासम्बन्धी १८ वटा उजुरी दर्ता भएको छ।

अनियमितता तथा भ्रष्टाचारसम्बन्धी उजुरीहरू दर्ता भए पनि जनशक्तिको व्यवस्थापन हुन नसक्दा आयोगले हालसम्म एउटा पनि उजुरीको अनुसन्धान पूरा गर्न सकेको छैन।

गत २०७८ भदौमा स्थापना भएको उक्त आयोगमा अनियमितता तथा भ्रष्टाचारसम्बन्धी १८ उजुरी दर्ता भए पनि जनशक्ति आभावका कारण हालसम्म कुनै पनि उजुरीमा अनुसन्धान पूरा गर्न नसकेको आयोगका अध्यक्ष रामसहाय राय यादवले जानकारी दिनुभयो।

सबैभन्दा बढी मातहतको जिल्लास्थित स्थानीय तहमा भएको अनियमितासम्बन्धी उजुरी छन्। प्रदेशभित्रका सार्वजनिक निकाय तथा संस्थामा भएको अनियमितता छानविन गरी दोषीमाथि कारबाही अघि बढाउने अधिकारसहित गठन भएको उक्त आयोगले लामो समयसम्म नियमावली र कर्मचारी नपाउँदा परेको उजुरीमाथि छाविन अघि बढाउन नसकिएको उहाँको भनाइ थियो।

स्थानीय तहबाट सञ्चालित विकासीय योजनामा भ्रष्टाचार भएको र नियुक्ति प्रक्रियामा अनियमितता भएको भन्दै आयोगमा उजुरी दर्ता भए पनि कर्मचारी आभावमा फाइल हेर्न नसकेको अध्यक्ष यादवले बताउनुभयो।

प्रदेशका धनुषा, महोत्तरी, रौतहटलगायत जिल्लाबाट यस्तो प्रकारका उजुरी बढी दर्ता भएको छ। "आयोगमा ३३ कर्मचारीको दरबन्दी भए पनि अहिले कार्यालय प्रमुखमात्र स्थायी कर्मचारी छन्", अध्यक्ष यादवले भन्नुभयो, "एक त प्रचार-प्रसार नभएर धेरै उजुरी आएको छैन, आएको उजुरीमाथि पनि कर्मचारी अभावका कारण फाइलहरू अध्ययन गर्न सकिएको छैन।"

नियमावली र कर्मचारी पठाउन पटक-पटक प्रदेश सरकारलाई पत्राचार गरे पनि अहिलेसम्म न त नियमावली आयो, न कर्मचारी नै उहाँको गुनासो थियो। "मुद्दाको अनुसन्धान गर्न कानुनका कर्मचारी चाहिन्छ, छापामार्न प्रहरी चाहिन्छ", अध्यक्ष यादवले भन्नुभयो, "अहिले हामीसँग न त कानुन शाखाका कर्मचारी छन्, न प्रहरी नै छ कसरी काम गर्ने हो ?"

आयोगमा विभिन्न ४७ वटा पदका लागि कर्मचारी माग गरिएकामा गत मङ्सिर १७ गत प्रदेश सरकारले ३३ कर्मचारी दरबन्दीको स्वीकृति दिएको थियो। प्रदेश सरकारले भ्रष्टाचारमुक्त, उत्तरदायी र सुशासनसहित नागरिकका अधिकारलाई सुनिश्चित गरी आर्थिक सुशासन कायम गर्ने उद्देश्यले गत भदौ २२ गते आयोगका पदाधिकारी नियुक्त गरेको थियो। आयोगको अध्यक्षमा यादव, सदस्यमा शोभा महतो र राजकिशोर साह हुनुहुन्छ।


डा. कालीप्रसाद यादव

Dr. Kali Prasad Yadav

MBBS, MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)

NMC Reg. No. : 13203

कन्सलटेन्ट फिजिसियन

मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव

Dr. Jayanti Yadav

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC No. : 15312

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

# केरुङ-काठमाडौं रेलमार्गको सम्भाव्यता अध्ययन गर्ने चीनको घोषणा

काठमाडौं, २५ साउन (रासस)।
छिमेकी मित्र राष्ट्र चीनले अनुदान सहयोगमा केरुङ-काठमाडौं रेलमार्गको सम्भाव्यता अध्ययन गर्ने घोषणा गरेको छ।

चीन भ्रमणमा रहनुभएका परराष्ट्र मन्त्री डा नारायण खड्कासँगको द्विपक्षीय भेटवार्तामा जनवादी गणतन्त्र चीनका विदेशमन्त्री वाङ यीले सो घोषणा गर्नुभएको हो। बिहीबार चीनको चिङ्दाओमा नेपाल चीन द्विपक्षीय वार्ता भएको हो।

सो वार्तामा नेपाल-चीन सम्बन्ध र सहयोगका समग्र पक्षको समीक्षा गर्दै व्यापार, 'कनेक्टिभिटी', लगानी, स्वास्थ्य, पर्यटन, गरिबी निवारण, कृषि, विपद् व्यवस्थापन, शिक्षा, संस्कृतिलगायतका विभिन्न क्षेत्रका सहयोगलाई थप प्रवर्द्धन गर्ने सहमती भएको बेइजिङस्थित नेपाली दुतावासद्वारा बिहीबार जारी विज्ञप्तिमा जनाइएको छ। चीनका स्टेट काउन्सिलर तथा विदेशमन्त्री वाङको निमन्त्रणामा परराष्ट्रमन्त्री डा खड्का चीनको तीन दिने औपचारिक भ्रमणमा हुनुहुन्छ।

भेटवार्तामा परराष्ट्रमन्त्री डा खड्काले एक चीन नीतिप्रति नेपालको अटल प्रतिबद्धता दोहोऱ्याउँदै नेपाली भूमि चीनविरुद्ध कुनै पनि गतिविधिका लागि प्रयोग हुन नदिने बताउनुभएको चीनको राजधानी बेइजिङस्थित नेपाली दूतावासले जनाएको छ।

त्यसैगरी विदेशमन्त्री वाङले नेपालको सार्वभौमसत्ता, स्वतन्त्रता र भौगोलिक अखण्डताप्रति चीनको निरन्तर र निःशर्त समर्थन दोहोऱ्याउँदै नेपाल सरकारको प्राथमिकताअनुसार नेपालको विकास प्रयासमा सहयोग गर्ने आश्वासन दिनुभएको थियो।

दुई मन्त्रीले विगतमा उच्चस्तरीय भ्रमणका क्रममा भएका सम्झौता र समझदारीलाई समयमै कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्दै नेपालमा चीनको सहयोगमा सञ्चालित आयोजनाहरूको कार्यान्वयनलाई तिव्रता दिन सहमत हुनुभएको छ। त्यसमा चिनियाँ पक्षले नेपाली प्रतिनिधिमण्डललाई चीनले काठमाडौँ चक्रपथ सुधार आयोजनाको दोस्रो चरणको निर्माण कार्य छिट्टै सुरु गर्ने आश्वासन दिएको छ। विदेश मन्त्री वाङले अनुदान सहयोगमा चीनले केरुङ-काठमाडौं रेलमार्गको सम्भाव्यता अध्ययन गर्ने घोषणा पनि गर्नुभयो। उहाँले यसअघि सन् २०२२ को मार्चमा नेपाल भ्रमणमा सहमति गर्नुभएको नेपाल-चीन क्रस बोर्डर प्रसारण लाइनको पूर्वसम्भाव्यता अध्ययनका लागि पनि सहयोग गर्ने आश्वासन दिनुभयो।

सो अवसरमा मन्त्री वाङ यीले नेपाललाई सन् २०२२ मा ८० करोड आरएमबी उपलब्ध गराउने घोषणा गर्नुभयो। नेपाली पक्षको आग्रहमा चिनियाँ पक्षले नेपाललाई रासायनिक मल उपलब्ध गराउने र नेपालमा रासायनिक मल कारखाना स्थापना गर्नका लागि सम्भाव्यता अध्ययन गर्न विचार गर्ने आश्वासन पनि दिएको छ।

विदेश मन्त्री वाङ नेपालको कृषि क्षेत्रमा सहयोग गर्न सहमत हुनुका साथै उहाँले नेपालको उत्पादन क्षमता विकास गर्न चिनियाँ लगानीलाई प्रोत्साहन गर्ने र नेपाली चिया तथा परम्परागत जडीबुटीको निर्यातमा सहयोग अभिवृद्धि गर्न पनि सहमत हुनुभएको छ।

दुवै मन्त्रीले सीमा बन्दरगाहमा महामारी नियन्त्रणका लागि संयुक्त संयन्त्र स्थापना गर्ने निर्णय गर्नुभएको नेपाली दुतावासद्वारा बिहीबार जारी विज्ञप्तिमा उल्लेख छ। चीनको स्वशासित क्षेत्र तिब्बतमा कोभिड-१९ को महामारी नियन्त्रन भएपछि रसुवा-केरुङ र तातोपानी-जाङमु बन्दरगाह दुईतर्फी व्यापारका लागि र हिल्सा-पुलाङ बन्दरगाह एकतर्फी व्यापारका लागि खोल्ने सहमति भएको छ।

नेपालका विभिन्न भागमा विपद् तथा प्राकृतिक प्रकोपबाट प्रभावित जनताको सहयोगका लागि स्टेट काउन्सिलर वाङ यीले नेपालको अनुरोधबमोजिम तीस लाख आरएमबी बराबरको विपद् राहत सामग्री नेपाललाई उपलब्ध गराउने घोषणा गर्नुभएको छ। यसैगरी चीनले नेपाललाई थप २० लाख आरएमबी मूल्यका मेडिकल सामग्री र रसद उपलब्ध गराउने भएको छ। स्टेट काउन्सिलर वाङले चीनले नेपाललाई आवश्यक पर्ने थप कोभिड-१९ विरुद्धको खोप र कोभिड-१९ सम्बन्धी चिकित्सा सहायता उपलब्ध गराउने पनि घोषणा गर्नुभयो।

परराष्ट्र मन्त्री डा खड्काले चीन सरकारले स्वास्थ्य सामग्री, उपकरण र जीवन बचाउने कोभिड-१९ विरुद्धको खोपमा गरेको उल्लेख्य सहयोगको प्रशंसा गर्दै स्वास्थ्य पूर्वाधार र सुविधाको सुदृढीकरणका साथै क्यान्सर उपचारमा नयाँ प्रविधि हस्तान्तरण गर्न थप सहयोगका लागि आग्रह गर्नुभयो। विदेश मन्त्री वाङले नेपालको निजामती सेवा अस्पतालमा ब्लड क्यान्सरको उपचारका लागि 'चिमेरिक एन्टिजेन रिसेप्टर टी सेल' निर्माण प्रयोगशाला स्थापना गर्न र नेपाली स्वास्थ्यकर्मीहरूलाई आवश्यक तालिम उपलब्ध गराउन चीनले सहयोग गर्ने घोषणा गर्नुभयो।

विदेश मन्त्री वाङले चीन फर्कन चाहने बाँकी रहेका नेपाली विद्यार्थीहरूले स्वास्थ्य प्रोटोकल पूरा गर्दै प्रवेशाज्ञा प्रक्रिया अघि बढाउन र आफ्नो अध्ययन पुनः सुरु गर्न सक्ने पनि बताउनुभएको छ।

सो अवसरमा दुवै पक्ष नेपाल-चीन संयुक्त सीमा निरीक्षण समितिको विद्यमान संयन्त्रको कामका लागि आवश्यक तयारी गर्न द्विपक्षीय प्राविधिक समिति गठन गर्न सहमत भएका छन्।

दुवै परराष्ट्रमन्त्रीले विभिन्न क्षेत्रीय तथा बहुपक्षीय मञ्चमा पारस्परिक हितका विषयमा निरन्तर सहयोग गर्ने विषयमा पनि विचार आदानप्रदान गर्नुभएको थियो। द्विपक्षीय वार्तापछि स्टेट काउन्सिलर तथा विदेश मन्त्री वाङले परराष्ट्र मन्त्री डा खड्का र नेपाली प्रतिनिधिमण्डलका सदस्यको सम्मानमा भोजको आयोजना गर्नुभएको थियो।

मन्त्री खड्का ११ सदस्यीय नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै मङ्गलबार राति चीन प्रस्थान गर्नुभएको थियो। उहाँ यही साउन २६ गते काठमाडौँ फर्कनुहुने मन्त्रालयले जनाएको छ।

# आदिवासी जनजाति आयोगलाई निर्देशन

काठमाडौं, २६ साउन (रासस)।
प्रतिनिधिसभाअन्तर्गत महिला तथा सामाजिक समितिले आदिवासी जनजातिको हकअधिकारको संरक्षण र प्रवर्द्धनका लागि आवश्यक अध्ययन, अभिलेखीकरण गर्न आदिवासी जनजाति आयोगलाई निर्देशन दिएको छ।

सिंहदरबारस्थित समितिको कार्यालयमा बिहीबार बसेको बैठकमा समितिका सभापति निरुदेवी पालले आदिवासी जनजातिको हकअधिकारका लागि अतिआवश्यक विषयमा अध्ययन र अभिलेखीकरण गर्न निर्देशन दिनुभएको हो।

"आदिवासी जनजाति आयोगको उद्देश्य सम्पूर्ण जनजातिको हकहितका लागि काम गर्ने हो", उहाँले भन्नुभयो, "जनजातिका आयोगको उद्देश्य र उस्तै उद्देश्य भएका जनजाति प्रतिष्ठान आवश्यक छ कि छैन ? सरकारले छिटो अध्यनन गर्न जरुरी छ।" समितिको बैठकले एउटै जातिभित्रका थरले छुट्टै पहिचानका लागि माग गरी टुक्रिन खोज्नुले राष्ट्रिय एकतालाई कमजोर बनाउने र स्थानीय आदिवासी जनजातिको मौलिकतामा क्षयीकरण भएको छ कि छैन भन्ने विषय अध्ययन गर्न निर्देशन दिएको छ।

समितिका सदस्य गङ्गा चौधरी सत्यौवाले आदिवासी जनजातिका थुप्रै प्रथाजनिक व्यवहारलाई कानुनी मान्यता दिलाउनुपर्नेमा जोड दिनुभयो। बैठकमा सांसदहरु दुर्गाबहादुर राउत, लक्ष्मी परियार, अमृता थापा, सीता विक, कुमारी मेचे, विमला विश्वकर्मा, देवेन्द्र गौतम, शिव मण्डल र हिरा गुरुङले आदिवासी जनजातिको समस्या, हकहित, अधिकार र प्रथाजन्य विषयलाई कानुनी मान्यता दिन पहल गर्न आयोगलाई सुझाव दिनुभएको थियो।

बैठकमा आयोगका अध्यक्ष रामबहादुर थापामगरले आदिवासी जनजातिका सवालमा र चुनौतीका विषयमा प्रतिवेदन पेश गर्नुभएको थियो। उक्त प्रतिवेदनमाथि समितिमा छलफल गरेपछि समितिले उक्त निर्देशन दिएको हो।

# राष्ट्र बैंकको नीतिका कारण साना ऋणी मर्कामा

काठमाडौं, २६ साउन (रासस) :
नेपाल चेम्बर अफ कमर्सले केन्द्रीय बैंकका अधिकांश नीति बैंक वित्तीय संस्थालाई पोस्ने खालको भएको आरोप लगाएको छ। चेम्बरका महानिर्देशक कैलाशकुमार बजिमयद्वारा जारी विज्ञप्तिमा बैंक, वित्तीय संस्थाबाट ऋण लिएर उद्यम गर्न चाहने र साना-साना ऋणीहरू राष्ट्र बैंकको नीतिका कारण मर्कामा परेको उल्लेख छ।

विज्ञप्तिमा राष्ट्र बैंकको मौद्रिक नीतिले ऋणीहरू असाध्यै मर्कामा परेकाले ब्याजदरमा पुनरावलोकन गर्न चेम्बरले आग्रह गर्दै आधार दर (बेसरेट)मा गरिएको अस्वाभाविक वृद्धिका कारण निश्चित आय भएका ऋणीहरू मर्कामा परेको चेम्बरको ठहर रहेको उल्लेख छ।

चेम्बरले भनेको छ, "यसअघि निश्चित ब्याजदरमा कर्जा लिएका ऋणीहरू राष्ट्र बैंकको नीतिका कारण थप समस्यामा परेका छन्। आधारदर अस्वाभाविकरूपमा बढ्दा यसको मार ऋणीहरूमा परेको छ।"

आधार दर (बेसरेट) प्रिमियममा यसअघिको व्यवस्था अधिकतम एक दशमलव पाँच प्रतिशतविपरीत स्वदेशी कच्चा पदार्थ प्रयोग गर्ने उद्योगको हकमा दुई र अन्यमा चार प्रतिशतसम्मको सीमाले व्यावसायिक गतिविधि प्रभावित हुने र मूल्यवृद्धि झन् बढ्ने चेम्बरको ठहर छ।

उद्योग व्यवसायलाई सहज ढङ्गले सञ्चालन गर्नका लागि

*बाँकी अन्तिम पृष्ठमा*


**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**



MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी

गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी

Phone : 031-533774

Mo. No : 9819721526, 9852820734


# विश्व समाचार

## अलिबाबाले बर्खास्त गऱ्यो दश हजार कर्मचारी

बेइजिङ, २६ साउन (रासस/एएनआई)।
विद्युतीय व्यापार (इकमर्श) गर्ने चिनियाँ कम्पनी अलिबाबाले तीन महिनाका अवधिमा १० हजार कर्मचारीलाई बर्खास्त गरेको छ। आफ्नो आम्दानीमा ५० प्रतिशतले गिरावट आएपछि ठूलो सङ्ख्यामा कर्मचारी बर्खास्त गरेको विभिन्न सञ्चार माध्यमले जनाएका छन्।

देशको अर्थतन्त्रमा आएको मन्दीसँगै व्यापारमा कमी आएपछि खर्च कटौती गर्ने प्रयासमा कर्मचारी निकालिएका हुन्। सन् १९९९ मा स्थापना भएको अलिबाबाको गत जुनमा सार्वजनिक भएको त्रैमासिक वित्तविरणअनुसार खुद आम्दानी २२.७४ अर्ब युआन कायम भएको थियो। अघिल्लो वर्ष सोही अवधिमा कम्पनीको आय ४५.१४ अर्ब युआन थियो।

सन् २०१५ मा डानियल झाङ कम्पनीको प्रमुख कार्यकारी अधिकृत र २०१९ मा अध्यक्ष बनेपछि अलिबाबामा व्यापक फेरबदल भएको थियो। त्यसै वर्षको जुलाइमा कम्पनीले हङकङमा प्राथमिक सूचीकरणका निम्ति आवेदन गर्ने घोषणा गरेसँगै मुख्यभूमि चीनका लगानीकर्ताले पूँजी परिचालनको अवसर पाएका थिए। न्युयार्क स्टक एक्सचेञ्जसमेतमा सूचीकरण भएको पहिलो ठूलो कम्पनी बन्न अलिबाबा सफल भएको थियो।

## भारतमा सोह्र हजारभन्दा बढी कोरोना संक्रमित

नयाँदिल्ली, २६ साउन (रासस/सिन्ह्वा)।
भारतमा एक दिनमा १६ हजारभन्दा बढी कोरोना भाइरस सङ्क्रमित भएका छन्। सरकारी अधिकारीले बिहीबार दिएको जानकारीअनुसार पछिल्लो एक दिनमा १६ हजार २९९ नयाँ सङ्क्रमित भएका हुन्।

यसैसँगै भारतमा हाल कुल सङ्क्रमितको सङ्ख्या चार करोड ४२ लाख छ हजार नौ सय ९६ जना पुगेका सङ्घीय स्वास्थ्य मन्त्रालयले बिहीबार सार्वजनिक गरेको छ।

भारतमा दैनिक सङ्क्रमितको सङ्ख्यामा उतारचढाव भइरहेको छ। भारतमा अहिले सक्रिय सङ्क्रमितको सङ्ख्या एक लाख २५ हजार ७६ रहेको छ।

कोरोना सङ्क्रमणबाट बितेको २४ घण्टामा ५३ जनाको मृत्यु भएको छ। यसैसँगै कोरोना सुरु भएबाट हालसम्म पाँच लाख २६ हजार आठ सय ७९ व्यक्तिको मृत्यु भइसकेको छ।

भारतमा बुधबार एक दिनमा १९ हजार चार सय ३१ जना कोरोना मुक्त भएका छन्। यसैसँगै कूल चार करोड ३५ लाख ३५ हजार छ सय १० भन्दा बढी कोरोनामुक्त भएका छन्।

नयाँ सङ्क्रमितको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या धेरै रहेकाले सक्रिय सङ्क्रमित घटेका छन्। भारतमा सन् २०२१ को जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो। सो समयबाट हालसम्म दुई अर्ब छ करोड ५८ लाखभन्दा बढी मात्रा खोप लगाइएको छ।

भारतमा कोरोना सुरु भएयता हालसमम ८७ करोड ९२ लाख ३३ हजार दुई सय ५१ जनाको कारोना भाइरस परीक्षण भएको जनाइएको छ।

## अफगानिस्तानका चार सय निजी विद्यालय बन्द भएको दावी

काबुल, २६ साउन (रासस/सिन्ह्वा)।
अफगानिस्तानका चार सयभन्दा बढी निजी विद्यालय बन्द भएको दाबी गरिएको छ।

स्थानीय सञ्चार माध्यमले सम्प्रेषण गरेको समाचारअनुसार आर्थिक, राजनीतिकलगायतका विविध कारणले ती विद्यालय बन्द भएका हुन्।

निजी विद्यालयको संगठनका नेता जाविहुल्लाह फुक्वानीले गरिबीका कारण अविभावकले आफ्ना बालबालिकालाई निजी विद्यालयमा भर्ना गर्न छाडेको जानकारी दिनुभयो।

त्यसैगरी सरकारको निर्णयअनुसार कक्षा छदेखि १२ सम्म बालिकालाई विद्यालय जान निषेध गरिएकाले पनि विद्यार्थीहरूको सङ्ख्या घटेको उहाँको भनाइ छ।

तालिबान सरकारका प्रमुख प्रवक्ता जाविहुल्लाह मुजाहिदले पनि धार्मिक कारणले छात्रालाई विद्यालय पढाउन नसकिएको स्पष्ट पार्नुभयो।

बालिकाहरूलाई विद्यालय जान दिनुपर्ने दबाव अधिकारवादी, लोकतन्त्रवादी र विभिन्न अन्तरराष्ट्रिय निकायबाट आइरहेपनि तालिबान सरकारले अहिलेसम्म बेवास्ता गरिरहेको छ।

मुस्लिम कानुन र सरियाका कारणले बालिकाहरूलाई विद्यालय जान निषेध गरिएको निर्णय फिर्ता लिन नसकिएको उहाँको भनाइ छ।

अफगानिस्तानमा तालिबान सरकार गठन भएपछि बालिकाहरूलाई विद्यालय जान निषेध गरिएको छ भने महिलालाई रोजगारी गर्न तथा घर बाहिर एक्लै हिड्न नपाइने व्यवस्था गरिएको छ। यस व्यवस्थाका विरुद्धमा सर्वत्र आवाज उठेपनि तालिबान प्रशासनले भने अस्विकार गर्दै आएको छ।

# विभिन्न जिल्लामा मल पठाउन थालियो

वीरगञ्ज, २६ साउन (रासस) ।

कृषि सामग्री कम्पनी लिमिटेडले नेपालमा ग्लोबल बोलपत्रमार्फत खरिद गरेको रासायनिक मल (युरिया) विभिन्न जिल्ला पठाउन थालिएको छ । पर्साको वीरगञ्ज आइपुगेको पाँच हजार मेट्रिक टन रासायनिक मल विभिन्न जिल्ला पठाउन थालिएको हो ।

दुई चरणमा गरी वीरगञ्ज ल्याइएको कूल पाँच हजार मेट्रिक टन (एक लाख बोरा) रासायनिक मललाई आवश्यकताअनुसार विभिन्न जिल्ला पठाउन थालिएको कृषि सामग्री कम्पनी लिमिटेड प्रादेशिक कार्यालय वीरगञ्जका सूचना अधिकारी आलोक कुमारले जानकारी दिनुभयो ।

"बाँकी रासायनिक मल भित्रिने क्रम जारी छ", उहाँले भन्नुभयो । उक्त नाकाबाट १२ हजार मेट्रिक टन रासायनिक मल वीरगञ्जस्थित कृषि सामग्री कम्पनी लिमिटेडको प्रादेशिक कार्यालयमा ल्याइँदै छ । कार्यालयले मधेस प्रदेशसहित काठमाडौँ, काभ्रे, धादिङ, मकवानपुर, सिन्धुली, चितवन, तनहुँ, पर्वत, नुवाकोट, कास्कीलगायत १६ जिल्लामा रासायनिक मलको आपूर्ति गर्दै आएको छ । विभिन्न जिल्लामा रहेको कृषि सामग्री कम्पनीको कार्यालयमार्फत किसानलाई मल विवरण गरिने छ ।

रासायनिक मल वीरगञ्जस्थित सिर्सिया सुक्खा बन्दरगाह (ड्राइपोर्ट) नाका हुँदै नेपाल ल्याइएको हो । सरकारले ग्लोबल बोलपत्रमार्फत ओमानबाट खरिद गरेको ३० हजार मेट्रिक टन युरिया मल आपूर्तिको जिम्मा स्वीस सिङ्गापुर ओभरसिज इन्टरप्राइजेज लिमिटेडले पाएको थियो । ओमानबाट नेपालका लागि आयात गरिएको मल पानीजहाजमा सामुद्रिक मार्ग हुँदै भारतको कोलकाता बन्दरगाह हुँदै त्यहाँबाट रेलमा वीरगञ्ज ढुवानी हुँदै आएको छ ।

सबै मल आएपछि मधेस प्रदेशका लागि ३२ दशमलव ०२ प्रतिशत अर्थात् ०६४५ दशमलव चार मेट्रिक टन प्राप्त गर्ने कृषि सामग्री कम्पनी लिमिटेड प्रादेशिक कार्यालय वीरगञ्जका प्रमुख चन्द्र चौलागाँइले जानकारी दिनुभयो । ओमानबाट अहिले खरिद गरी आयात भइरहेको ३० हजार मेट्रिक टन युरियामध्ये मधेस प्रदेशमा आठ हजार पाँच सय मेट्रिक टन वितरण गरिने छ । पर्साका लागि भने आठ सय ५० मेट्रिक टन (१७ हजार बोरा) र बाराका लागि एक हजार मेट्रिक टन (२० हजार बोरा) युरिया वितरण गरिने छ ।

# मुक्तिको घोषणासँगै हरूवाचरुवा उत्साहित

जनकपुरधाम, २६ साउन (रासस) ।

अनुहार मलिन र चिन्तित देखिने धनुषाको शहीदनगर नगरपालिका-४ ननपट्टिका राजदेव वीनको अनुहारमा अचेल छुट्टै रौनक र चमक देखिन्छ । प्रधानमन्त्री शेरबहादुर देउवाले २०७९ साउन २ गते तराई मधेसका जिल्लामा वर्षौंदेखि कायम रहेको हरूवाचरुवा मुक्तिको घोषणा गरेसँगै वीनको अनुहारमा रौनक र चमक फर्किएको हो ।

"साहुकोमा म गोठालोको काम गर्दै आएको थिए", वीनले भन्नुभयो, "अब सदाका लागि मुक्त भएको छु ।" जमिन्दारको घरमा हरूवाचरुवाको रुपमा काम गर्दा दासत्वको अनुभूति भएको उहाँको भनाइ छ । "पहिला जीवन कसैको अधिनमा छ भन्ने अनुभूति भइरहेको थियो, अब नयाँ जीवन पाएको महसुस भइरहेको छ ।"

पहिला साहुको खेतमा मजदुरी गर्ने वीन अब आफू मालिक भएको अनुभव गर्न चाहेको सुनाउनुहुन्छ । "पहिला घाम र पानीलाई प्रवाह नगरी मरि मरि साहुको खेतबारी र घरमा काम गर्नुपर्दथ्यो", उहाँले भन्नुभयो," तर अब साहुबाटै बटैयाँ र ठेक्कामा जग्गा लिएर आफै खेती गर्छु ।"

सप्तरीको शम्भुनाथ नगरपालिका-९ बसवलपुरका मुक्ति सदालाई पनि यतिबेला फरक अनुभव भइरहेको छ । गाउँकै साहुकोमा खेतीपाती र गोठालोको काम गर्दै आएका मुक्तिले पनि हरूवाचरुवाको पहिचानबाट मुक्ति पाउने भन्दै खुसी महसुस गरिरहनुभएको छ । उहाँले भन्नुभयो, "बाबुले लिएको ऋण तिर्न नसक्दा म पनि साहुकोमा हरूवा बस्नुपर्ने स्थिति थियो, सरकारले हरूवाचरुवा मुक्त गरेपछि साहुबाट मुक्त भएको र स्वतन्त्र जीवनमा बाँच्न पाउँदा औधि खुसी लागेको छ ।"

पश्चिम नेपालबाट कमैया र हलिया मुक्त भएको करिब दुई दशकपछि बल्ल उस्तै प्रकृतिको हरूवाचरुवा मुक्तिको घोषणा गरिएको छ । "मुक्तिको घोषणा भएपनि यसको व्यवस्थापन गर्न चुनौती देखिएको छ", हरूवाचरुवा अधिकारको क्षेत्रमा कार्यरत राष्ट्रिय दलित नेटवर्कका अध्यक्ष गणेश विकले भन्नुभयो । मधेस प्रदेशको आठवटै जिल्लामा हरूवाचरुवा प्रथा छ । हरूवाचरुवा मुक्ति घोषणा कार्यान्वयका लागि सङ्घीय, प्रदेश र स्थानीय तहबीच समन्वय आवश्यक रहेको उहाँको भनाइ छ ।

# थप आठ सय १५ मा कोरोना भाइरस संक्रमण पुष्टि, पाँचको मृत्यु

काठमाडौँ, २६ साउन (रासस) ।

देशभर पछिल्लो २४ घण्टामा आठ सय १५ जनामा कोभिड सङ्क्रमण पुष्टि भएको छ भने सङ्क्रमणका कारण पाँच जनाको मृत्यु भएको छ ।

सो अवधिमा चार हजार पाँच सय ३४ जनाको नमूना परीक्षण गरिएको थियो । दुई हजार चार सय ११ जनाको पिसीआर र दुई हजार एक सय २३ जनाको एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ ।

सो अवधिमा चार सय ७६ जना कोरोना सङ्क्रमणमुक्त भएका छन् । यससँगै सङ्क्रमणमुक्त हुनेको सङ्ख्या नौ लाख ७४ हजार दुई सय ९५ पुगेको छ । सङ्क्रमणमुक्त हुने दर ९८ दशमलव दुई प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

हाल सक्रिय सङ्क्रमितको सङ्ख्या पाँच हजार आठ सय ६९ छ । नेपालमा अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार नौ सय ८२ पुगेको छ । होमआइसोलेशनमा पाँच हजार छ सय ७७, संस्थागत आइसोलेशन एक सय ९२, आइसीयूमा ६० र भेन्टिलेटरमा आठ जना सङ्क्रमित रहेका छन् ।

हाल देशभरमा पाँच सयभन्दा बढी सक्रिय सङ्क्रमित भएका जिल्ला काठमाडौँ र ललितपुर रहेका छन् भने दुई सयभन्दा बढी सङ्क्रमित रहेका जिल्लामा कैलाली र मोरङ छन् । शून्य सङ्क्रमित रहेका जिल्लामा मनाङ, कालिकोट र हुम्ला छन् । उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौँमा दुई हजार नौ सय २२, ललितपुर आठ सय ६८ र भक्तपुरमा ८९ सक्रिय सङ्क्रमित रहेका छन् । कुल सङ्क्रमणदर १७ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

# कल्याणपुर-गाईघाट सडक निर्माणका लागि वनको जग्गा प्रयोग गर्न दिइने

काठमाडौँ, २६ साउन (रासस) ।

वन तथा वातावरणमन्त्री प्रदीप यादवले राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको रूपमा रहेको कल्याणपुर-गाईघाट निर्वाचन क्षेत्र रणनीतिक सडक आयोजना निर्माणकार्यका लागि सप्तरी र उदयपुर जिल्लाको वन क्षेत्र प्रयोग गर्न दिने निर्णय गर्नुभएको छ ।

मन्त्री यादवले वन ऐन, २०७६ को दफा ४२ को उपदफा (१) र वन नियमावली, २०७९ को नियम ९० बमोजिम प्रवर्द्धक भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई संलग्न अनुसूचीका शर्तहरू पालना गर्ने गरी कल्याणपुर-गाईघाट सडकखण्ड निर्माण गर्न सप्तरी र उदयपुर जिल्लाको राष्ट्रिय वनको १५.८३१ हेक्टर वन प्रयोग गर्न दिइने निर्णय गर्नुभएको उहाँको सचिवालयले जनाएको छ ।

यसैगरी उक्त राष्ट्रिय वनमा रहेका करिब तीन हजार दुई सय १९ वटा रुख हटाउनका लागि स्वीकृत दिने निर्णय भएकोसमेत मन्त्रालयले जनाएको छ । वनको जग्गा प्रयोग गर्न नपाएका कारण उक्त सडक निर्माणमा समस्या भएको जानकारी पाएपछि मन्त्री यादवले वनको जग्गा प्रयोग गर्न दिने निर्णय गर्नुभएको हो ।

मन्त्रालयले सडक निर्माणका लागि वनको जग्गा प्रयोग गर्न दिने र रुख हटाउन दिने विषयमा स्वीकृति दिएपछि अब उक्त सडक निर्माणमा सहज हुने बताइएको छ ।

### आगलागीमा झण्डै ...

बाख्रा निसासिएर मरेको छन् भने एउटा गोरु आगलागीमा परि घाइते भएका छन् ।

आगलागीमा परी घरमा रहेको खाद्यान, लताकपडा, भाडा वर्तन, सुन, चाँन्दी, नगद लगातयको सामग्रीहरु जलेर नष्ट भएको तथा नेपाल प्रहरी र स्थानीयबासीको सहयोगमा आगो नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

# अध्यक्ष ओलीको नेतृत्वमा चुनाव परिचालन कमिटी गठन

**दैनिक समाचारदाता**
**काठमाडौँ, २६ साउन ।**

नेकपा एमालेले अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा चुनाव परिचालन कमिटी गठन गरेको छ ।

बिहीबार बसेको सचिवालय बैठकले केन्द्रीय कमिटीका सबै सदस्यहरु, केन्द्रीय निकाय अनुशासन, निर्वाचन आयोग, लेखा आयोग, केन्द्रीय प्रतिनिधि परिषद्कारु पदाधिकारीहरुलाई कमिटीमा राखेको छ ।

त्यसैगरी सो कमिटीमा प्रदेश कमिटीका अध्यक्षाहरु, जनसंगठनका अध्यक्ष र महासचिव, कन्द्रीय विभागका सचिवहरु, केन्द्रीय निर्वाचन परिचालन कमिटीको सदस्य रहने प्रचार विभाग प्रमुख पृथ्वीसुब्बा गुरुङले बताए ।

### राष्ट्र बैंकको ...

लचिलो नीतिको अपेक्षाविपरीत कर्जा विस्तारको लक्ष्यसमेत घटाउँदा अर्थतन्त्र नै संकुचनमा पर्ने चेम्बरले जनाएको छ ।

नगद प्रवाहलाई सङ्कुचन एवं कर्जा प्रवाहको लक्ष्यलाई सीमित गरेर ब्याजदर बढाउँदा बजेटले लिएको आठ प्रतिशतको लक्ष्य र मूल्यवृद्धि सात प्रतिशतमा सीमित गर्न कठिन हुने विज्ञप्तिमा उल्लेख छ ।

अर्थतन्त्रलाई चलायमान बनाउन निजी क्षेत्रले आफ्नो गतिविधि बढाउनुपर्ने भए पनि मौद्रिक नीतिका कारण सङ्कुचन आउन सक्ने र यसले रोजगारीमा समेत असर गर्ने चेम्बरले विज्ञप्तिमा बताएको छ ।

केन्द्रीय बैंकले मुद्रास्फीति घटाउन संकुचित मौद्रिक नीति ल्याएको भए पनि आपूर्ति प्रणालीमा हुने अवरोधका कारण मूल्यवृद्धि अझै बढ्न सक्ने तथा कोभिड महामारीमा दिएको सुविधा कटौती गरी अत्यावश्यक क्षेत्रलाई पुनरकर्जा दिने व्यवस्थामा नीतिगत लचकतासहित सुरक्षित अवतरण गर्नुपर्नेमा जोड दिएको छ ।

सर्पको टोकाईबाट बचौं र बचाऔं ।

> सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
> सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
> सवारी साधनमा घाईतेलाई सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी नसुताई बसाएर लैजाऔं,
> गलत परम्परागत उपचार विधि (झारफूक) तिर नलागौं,
> आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
CITY EXPRESS
Best Remit Quick & Easy
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*